# पोखरा विश्वविद्यालय

## केन्द्रीय कार्यालय

### पोखरा लेखनाथ महानगरपालिका-३०, खुदी, ढुङ्गेपाटन, कास्की, नेपाल

## इन्टरनेट व्याण्डविथ सेवा खरिदका लागि सिलबन्दी दरभाउपत्र आव्हानसम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७४/०५/०८)

पोखरा विश्वविद्यालयको लागि २० देखि ३० एमबिपिएसको इन्टरनेट व्याण्डविथ सेवा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सोसम्बन्धी कार्य गर्न इजाजत प्राप्त योग्य तथा इच्छुक फर्म, संस्था वा कम्पनीहरुबाट निम्नानुसार हुने गरी निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. दरभाउपत्रसम्बन्धी कागजात मिति २०७४/०५/०८ गतेदेखि मिति २०७४/०५/२२ गतेसम्म कार्यालय खुलेको दिन कार्यालय समय भित्र चालु आ.ब.को लागि नवीकरण भएको ईजाजतपत्र, आयकरको स्थायी लेखा प्रमाणपत्र, आ.व. २०७२/०७३ को कर चुक्ता प्रमाण-पत्र, मु.अ.कर दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखि निवेदन दिई रु. १,०००।- (एक हजार) दस्तुर बुझाई (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ । प्रस्ताव सम्बन्धी कागजात २०७४/०५/२२ गतेसम्म कार्यालय समयभित्र बिक्रिका लागि उपलब्ध हुनेछ ।

२. खरिद भएको सिलबन्दी बोलपत्र २०७४/०५/२३ गते मध्यान्न १२:०० बजेभित्र पोखरा विश्वविद्यालय केन्द्रीय कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, दरभाउपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी खाममा लाहाछाप लगाई यस कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

३. सिलबन्दी दरभाउपत्रको मान्य अवधि प्रस्ताव खोलिने दिनवाट ४५ दिनको हुनु पर्नेछ र सिलबन्दी दरभाउपत्र साथ कम्तिमा रु. ४८,०००।- (अठ्चालीस हजार) बराबरको जमानत वापत नगद जमानि वा सो रकम बराबर सिलबन्दी दरभाउपत्र खोलिने मितिबाट कम्तिमा ७५ दिन (२०७४/०८/०५ गतेसम्म) म्याद भएको नेपालको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

४. यदि दरभाउपत्रदाताले नगद जमानि राख्न चाहेमा सो नगद यस विश्वविद्यालयको केन्द्रीय कार्यालयको **कामना सेवा विकास बैंकमा रहेको चल्ती खाता नम्बर** ०१२००३०००२४५६८०००००३ **वा नबिल बैंकमा रहेको चल्ती खाता नम्बर** १२०१०१७५००८७० मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

५. दर्ता भएका सिलबन्दी दरभाउपत्र २०७४/०५/२३ गते दिउँसो २:०० बजे सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू र कार्यालय प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ । सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६. सिलबन्दी दरभाउपत्र खरीद गर्ने, दाखिला गर्ने एवम् खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरू विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

७. दरभाउपत्रदाताले सम्बन्धित क्षेत्रमा २ वर्षको अनुभव भएको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

८. सिलबन्दी दरभाउपत्र पुरै वा आंशिक, स्वीकार्ने वा बदर गर्ने सम्पूर्ण अधिकार पोखरा विश्वविद्यालयमा निहित रहनेछ ।

९. एक फर्मको नाममा खरिद गरिएको सिलबन्दी दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१०. सिलबन्दी दरभाउपत्र फारम तथा यस सम्बन्धी थप जानकारी **पोखरा विश्वविद्यालय, लेखनाथ, कास्की, फोन नं. ५६०६३९** बाट प्राप्त गर्न सकिनेछ । सिलबन्दी दरभाउपत्रसम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरिएबमोजिम हुनेछन् ।